# पूर्वाञ्चल विश्वविद्यालय

## परीक्षा व्यवस्थापन कार्यालय

बिराटनगर, नेपाल

☎: ०२१-४६५२४०

इमेल : puoemgt@puexam.edu.np

वेबसाइट : www.puexam.edu.np


प.सं. : ८०१२।०८०।०८१

च.नं. :

मितिः वि.सं. २०८१/२/२२

इ.सं. २०२४/६/४

श्री क्याम्पस प्रमुखज्यू,

तपसिलमा उल्लेखित विभिन्न संकाय अन्तर्गत विभिन्न शैक्षिक कार्यक्रम(हरु) सञ्चालन गर्ने यस विश्वविद्यालयका आंगिक तथा सम्बन्धन प्राप्त सम्पूर्ण क्याम्पस/कलेज/स्कूलहरु

***विषयः नाम–दर्ता (Registration) बारे ।***

**उपरोक्त विषयमा, यस विश्वविद्यालयद्वारा शैक्षिक वर्ष २०८१/०८२ (इ.सं. २०२४ समूह)का लागि तपसिलमा उल्लेखित विभिन्न संकाय अन्तर्गत विभिन्न शैक्षिक कार्यक्रमहरूको प्रथम सेमेस्टर/वर्षमा प्रवेश लिएका विद्यार्थीहरूको विश्वविद्यालयमा नाम-दर्ता** (Registration) **गर्न गराउन** सेमेस्टर तथा वार्षिक परीक्षा प्रणाली अनुसार सञ्चालित स्नातक एवं स्नातकोत्तर तहका विभिन्न शैक्षिक कार्यक्रमहरुको रजिस्ट्रेशन फर्म भर्ने भराउने सम्बन्धी निर्देशिका* **मा निर्दिष्ट प्रक्रिया अनुसार विश्वविद्यालयद्वारा स्वीकृत सीट संख्या** (Quota) **भित्र रही यस कार्यालयद्वारा तोकिएको** Online Website **मार्फत भर्ना हुन आएका सम्पूर्ण विद्यार्थीहरूको आवश्यक विवरण भरी तथा सम्बन्धित विद्यार्थीहरूमार्फत तोकिएको रजिस्ट्रेशन फर्म भरी/भराई उक्त** निर्देशिका***मा उल्लेख भए अनुसारका प्रमाण-पत्रहरू र आवश्यक शुल्कको बैंक भौचरसहित मिति २०८१/३/२१ (ई.सं. २०२४/७/५) गते भित्र सोही** निर्देशिका***मा उल्लेखित माध्यमबाट यस कार्यालयमा बुझाउन हुन जानकारी गराउँदछु ।**

**पुनश्चः तोकिएको समय भित्र रजिस्ट्रेशन फर्म भर्न भराउन छुट भएका विद्यार्थीहरूको नियमानुसार लाग्ने शुल्कको दोब्बर दस्तुर सहित मिति २०८१/३/२८ (ई.सं. २०२४/७/१२) गते भित्र उपरोक्तानुसार** (Online **समेत) रजिस्ट्रेशन फर्म भरी भराई जम्मा हुन आएको रकमको बैंक भौचरसाथ उक्त रजिस्ट्रेशन फर्म(हरू) सोही** निर्देशिका***मा उल्लेखित माध्यमबाट यस कार्यालयमा बुझाउनु पर्नेछ ।**

**नोटः रजिस्ट्रेशन फर्महरू यसै पू.वि., परीक्षा व्यवस्थापन कार्यालय तथा सिनामंगल, काठमाडौं स्थित पू.वि., परीक्षा व्यवस्थापन इकाइ कार्यालय मार्फत उपलब्ध गराइनेछ ।**

**साथै, माथि उल्लेखित** सेमेस्टर तथा वार्षिक परीक्षा प्रणाली अनुसार सञ्चालित स्नातक एवं स्नातकोत्तर तहका विभिन्न शैक्षिक कार्यक्रमहरुको रजिस्ट्रेशन फर्म भर्ने भराउने सम्बन्धी निर्देशिका* **यस परीक्षा व्यवस्थापन कार्यालयको** website (www.puexam.edu.np) **मार्फत् उपलब्ध गर्न सकिने छ। तथा, रजिस्ट्रेशन फर्महरू समेत सोही** website **बाट** download **गरी प्रयोग गर्न सकिनेछ ।**
**तथा, नाम-दर्ता** (Registration) **सम्बन्धी आवश्यक सोधपुछका लागि यस कार्यालयको फोन नं. ०२१- ४६४५०२ मा सम्पर्क गर्न सकिनेछ ।**

**तपसिल**

| संकाय | तह | शैक्षिक समूह (इ.सं.) | परीक्षा प्रणाली | टिप्पणी |
|---|---|---|---|---|
| **चिकित्साशास्त्र** | **स्नातक** | २०२४ | **वार्षिक / सेमेस्टर** | |
| **व्यवस्थापन** | **स्नातकोत्तर** | २०२४ | **सेमेस्टर** | Intake: Spring |

.........................

**बालेन्दु हमाल**

**(परीक्षा नियन्त्रक)**